## परिचय

आलुको वैज्ञानिक नाम Solanum tuberosum हो र यो अन्य बाली गोलभैँडा, भान्टा जस्तै Solanaceae परिवारमा पर्दछ । आलु नेपालमा खेती गरिने पाँचौं प्रमुख बाली हो । आलु खेती समथर फाँट देखि उच्च पहाडमा गरिन्छ । पहाड र उच्च पहाडमा मुख्य बालीको रूपमा र तराईमा तरकारीका रूपमा यसको खेती गरिन्छ । आलु खेतीको कुल क्षेत्रफल मध्ये ३०% तराईमा, ५०% पहाडमा र २०% उच्च पहाडमा पर्छ । नेपालमा आलुको उत्पादन १३ मे.टन प्रति हेक्टर रहेको छ ।

आलु पौष्टिक तत्वका हिसाबले पनि एकदमै महत्वपुर्ण खाद्य पदार्थ हो । यसमा २०.६% कार्बोहाइड्रेट, २.१% प्रोटिन, ०.३% चिल्लो पदार्थ, १.१% रेसा र ०.९% भस्म हुन्छ । आलुलाई तरकारी बाहेक उसिनेर, तारेर, सुप र अचार बनाएर खानुका साथै ग्लुकोज, चिप्स, कपडा कारखानामा पनि प्रयोग गरिन्छ ।

## हावापानी र माटो

आलु चिसो हावापानीमा हुने बाली हो । आलुको वानस्पतिक विकासको लागि २०-३० डिग्री सेल्सियस र दाना विकासको लागि रातको तापक्रम १५-१८ डिग्री सेल्सियस राम्रो मानिन्छ । बीउ आलु उम्रिनको लागि कम्तिमा ८ डिग्री सेल्सियस हुनुपर्दछ ।

आलु क्षारीय बाहेक सबै किसिमको माटोमा हुने भएपनि दुमोट वा बलौटे दुमोट माटोमा राम्रो मानिन्छ । पि.एच मापन ५.५-६, पानीको निकास व्यवस्थित र प्रांगारिक पदार्थ प्रशस्त भएमा उपयुक्त मानिन्छ ।

## जमिनको तयारी

पानी र हावा राम्रो सँग उपलब्ध हुने किसिमले आलुको लागि खेतबारी राम्रोसँग खनजोत गरि माटो बुर्बुराउँदो बनाई ढुंगा र झारपात हटाउनु पर्दछ । धेरै मसिनो माटो पनि आलुको लागि राम्रो मानिदैन । खनजोत गर्दा चिस्यान उडेर जाने भएकोले सिंचाईको व्यवस्था नभएको अवस्थामा जमिन तयार गर्ने बित्तिकै आलु लगाउनु पर्दछ ।


आलु लगाउन तयार पारिएको ड्याङ

## मलखादको मात्र र प्रयोग विधि

आलुबालीको राम्रो उत्पादनका लागि आवश्यक पर्ने पोषक तत्व गोठेमल र रासायनिक मलको उचित प्रयोगबाट गर्न सकिन्छ । नेपालमा आलुका लागि यसप्रकारको मलखाद सिफारिस गरिएको छ ।

| मलखादको किसिम | के.जी. प्रति रोपनी | प्रयोग गर्ने विधि |
|---|---|---|
| कम्पोस्ट वा गोठेमल | १५०० | ● कम्पोस्ट वा गोठेमल र १/२ भाग युरिया र सबै गेडेमल र पोटास आलु रोप्ने समय अगाडि प्रयोग गर्नु पर्दछ<br>● बाँकि १/२ भाग युरिया पहिलो उकेरा दिने समयमा टप ड्रेसीङ गर्नु पर्दछ । |
| युरिया | ७ | |
| डिएपी र गेडेमल | ११ | |
| पोटास | ५ | |

- कम्पोष्ट वा गोबरमल राम्रोसँग नकुहिएको प्रयोग गरेमा हानिकारक कीरा जस्तै खुम्रे र रातो कमिलाको प्रकोप बढी हुन्छ ।
- लाइनमा आलु रोप्न तयार पारिएको कुलेसोको सबै भन्दा पहिले रासायनिक मल र त्यस भन्दा माथिकम्पोष्ट मल राखी अनि मात्र आलु रोप्नुपर्दछ । आलु रासायनिक मलको सिधा सम्पर्क भएमा कुहिन बीउ कुहिन सक्दछ ।


## आलुका सिफारिस जातहरू:-

भौगोलिक क्षेत्रअनुसार उन्मोचित तथा सिफारिस गरिएका आलुका जातहरू

| क्र.स. | जातको नाम | पाक्ने दिन | उत्पादन क्षमता | सिफारिस क्षेत्र |
|---|---|---|---|---|
| १. | कुफ्री ज्योति | ११०-१२० | २०-२५ | उच्च र मध्य पहाड |
| २. | कुफ्री सिन्दुरी | ११०-१३० | २०-३० | तराई र भित्री मधेस |
| ३. | डेजिरे | ७०-९० | १५-२० | मध्यपहाड र तराई |
| ४. | जनकदेव | ११०-१२० | २५-३० | उच्च र मध्य पहाड |
| ५. | खुमलसेतो-१ | १००-१२० | २३-२७ | कम बर्षा हुने पहाड |
| ६. | खुमलरातो-२ | १००-१२० | २०-२५ | तराई तथा भित्री मधेस |
| ७. | खुमल लक्ष्मी | १००-१२० | २०-२५ | उच्च र मध्य पहाड |
| ८. | आई पी वाई-८ | १००-१२० | २५-३० | तराई तथा भित्री मधेस |
| ९. | खुमल उज्वल | १००-१२० | २३-२७ | उच्च र मध्य पहाड |
| १०. | खुमल उपहार | १००-१२० | २३-२७ | तराई तथा मध्य पहाड |
| ११. | खुमल विकास | १००-१२० | २३-२७ | तराई तथा मध्य पहाड |
| **कृषक माझ लोकप्रिय केहि सूचिकृत जातहरु** | | | | |
| १. | एम.एस ४२.३ | १००-१२० | १०-२४ | तराई तथा पहाडि उपत्यका |
| २. | कार्डिनल | ८०-१०० | १८-३० | तराई देखि उच्च पहाड |
| ३. | रोजिटा | १२० -१४० | १०-१४ | मध्य र उच्च पहाड |


कुफ्रिज्योती


कुफ्रि सिन्दुरी



जनकदेव


खुमल सेतो -१


खुमल रातो - २


खुमल लक्ष्मी


आई.पि.वाई - ८


डेजिरे


रोजिटा


कार्डिनल

## बीउ आलु टुसाउने

बीउ आलु भण्डारण बाट ल्याएर २-३ हप्तासम्म उज्यालो तर सोझै घाम नपर्ने र राम्रोसँग हावा खेल्ने ठाउँमा फिँजाउनु पर्दछ । यसरी राख्दा हरियो टुसा उम्रिन्छ र करिब १-२ से.मी.भएमा लगाउन सकिन्छ । अध्याँरो ठाउँमा राखेमा लामो, सेतो र कमजोर टुसा पलाउँछ जसबाट राम्रो उत्पादन हुँदैन ।

कुनै आलुका जातमा एउटा मात्र टुसा निस्कने गर्दछ जसलाई Apical dominance भनिन्छ । यस्ता जातमा, एक मात्र उम्रेको टुसा हटाएमा अन्य आँखाबाट पनि टुसा आउँछ ।

## बीउको श्रोत

आलुको बीउ प्रत्येक वर्ष एकै स्रोतबाट दोहोऱ्याउँदा त्यसको उत्पादन क्षमतामा ह्रास आउने गर्दछ । त्यसै गरि रोग तथा कीरा एक पुस्ता देखि अर्को पुस्तामा सर्दछ र जातीय शुद्धता पनि घट्दै जान्छ । त्यसैले २-३ वर्षको अन्तरालमा स्वस्थ बीउ आलु आधिकारिक स्रोतबाट खरिद गरि परिवर्तन गर्नु पर्छ ।

किसानहरू आफैले पनि पूर्वी मूल बीउ (Pre Basic Seed-PBS) खरिद गरि त्यसबाट बीउ आलु उत्पादन गर्न सक्छन । यसरी PBS बाट उत्पादन गरिएको आलु ५-७ वर्ष सम्म लगाउँदा उत्पादनमा धेरै सुधार आउँछ ।

## बीउ दर र रोप्ने दूरी

करिब २०-५० ग्राम का आलुका दाना रोप्नका लागि उपयुक्त हुन्छन् । यी आकारका भन्दा साना आलुबाट उत्पादन राम्रो हुँदैन र ठूला आकारका प्रयोग गर्दा धेरै बीउको आवश्यक पर्दछ । आलु रोप्दा ड्याङ देखी ड्याङको दूरी ६०-७० से.मी. र बीउ देखी बीउको दुरी २०-२५ से.मी.(६०-७०×२०-२५) हुनुपर्दछ । यी आकारका आलु रोप्दा प्रति रोपनी ७५-१०० के.जी. बीउ आवश्यक पर्दछ । आलु रोप्ने गहिराई ५-१० स.मी. हुनुपर्दछ । आलु लगाउँदा टुसालाई माथि फर्काएर लगाउनु पर्दछ ।

## बीउ आलु काट्ने तरिका

करिब २५-५० ग्रामका वा बढीका आलु बीउ प्रयोजनका नकाटेर रोप्दा उपयुक्त हुन्छ, तर

खयनका लागि भने २-४ टुसा एउटा टुक्रामा पर्ने गरि ठाडो पारी काटेर लगाउन सकिन्छ। आलु काटेर २-३ दिन  छहारीमा राखी खाटा बन्न दिई वा काट्ने बित्तिकै डाइथिएन एम-४५ विषादी छरेर रोप्नाले कुहिने संभावना कम हुन्छ।

## सिँचाई

आलुका लागि पर्याप्त चिस्यानको आवश्यक पर्छ। माटो धेरै सुख्खा भएमा जमिन तयार गर्नु अगाडि एक पटक सिँचाई दिनु पर्दछ। आलुलाई वनस्पतिक वृद्धि हुने समयमा कम पानीको आवश्यक पर्छ र दाना लाग्ने समयमा आवश्यकता बढ्दै जान्छ माटोको चिस्यानलाई ध्यानमा राखी वर्षा नभएको अवस्थामा ३ पटक सम्म सिँचाई दिनु पर्दछ। पानी लगाउँदा ड्याङको दुई-तिहाइ मात्र भिज्ने गरि दिनु पर्दछ। आलु खन्ने समय ३ हप्ता अगाडि पानी दिन बन्द गर्नु पर्दछ।

## गोडमेल र उकेरा



*एक महिनाको आलुलाई उकेरा दिइदै*

गोडमेल र उकेरा दिनाले बोटको जरा वरिपरिको माटो खुकुलो भई आलुको दाना लाग्न सजिलो हुन्छ। साधारणतया आलुमा दुई पटक उकेरा दिने गरिन्छ।

- आलु उम्रेको एक डेढ महिनामा जुन बेला आलुको बोट करिब ८-१० इन्च वा एक हत्केला जति ठूलो हुन्छ।
- पहिलो उकेरा दिएको २०-२५ दिनमा दोस्रो पटक दिनु पर्दछ।

उकेरा दिँदा बोटको जरा र उम्रेका साना दाना पुरिने गरि र कुनै किसिमले चोट नपुग्ने गरि दिनु पर्दछ। आलुका दाना घाममा सोझै  देखिएमा हरियो हुन जान्छ, र विकास हुँदै गरेको दानामा आलुको पुतली (Phthorimaea operculellae) ले  फूल पनि पार्न सक्दछ।

## आलु खन्ने  र भण्डारण

माथि उल्लेखित विभिन्न जातका आलु पाक्ने दिनहरूमा बोट पहेँलिदैं जान्छ र बोक्रा बाक्लिदै जान्छ, यसै समयमा वा बजार भाउ हेरी पनि आलु खन्न सकिन्छ।  यदि त्यस समयमा पनि बोट हरियो नै भए  आलु खन्नु ७-८ दिन अगाडि दानाहरू ननिस्कने गरि            बोटलाई उखेलिदिनु पर्दछ। यस कार्यलाई Hulm Pulling भनिन्छ।  बीउ आलुको उत्पादनमा लाही किराको प्रकोप बाट बचाउन र दाना धेरै ठुलो हुन नदिन पनि यस्तो गरिन्छ।

आलु खनि सकेपछी चोटपटक लागेका र कुहिएका आलुलाई छुट्याएर राम्रा दाना मात्र भण्डारण गर्नुपर्छ। खयन आलुलाई अध्याँरोमा र बीउ आलुलाई तराईमा भए शीत भण्डारमा (२-४॰C र ९०% सापेक्षिक आद्रता) तथा १५०० मिटर माथिका पहाडमा रस्ट्रिक स्टोर (Rustic Store) मा राख्न सकिन्छ।

## आलुबालीका मुख्य रोग तथा कीरा र तिनको व्यवस्थापन

आलुमा विभिन्न किसिमका रोग तथा कीराहरुले क्षति पुर्याउँछन् र तिनको व्यवस्थापनमा ध्यान दिन सकिएन भने फाइदाजनक व्यवसाय  गर्न सकिँदैन। आलुका केही प्रमुख रोग-कीरा र तिनको व्यवस्थापन सम्बन्धी  तल दिइएको छ।

### क) आलुबालीका रोग

**१. डढुवा**

वायुमण्डलको तापक्रम १०-१५॰C र सापेक्षिक  आद्राता ८०% भएमा पातको टुप्पा वा किनारमा सानो खैरो भिजेको दाग देखा पर्दछ र दागको पछाडी बिहानीपख हेर्दा सेतो भुवा जस्तो ढुसी देखिन्छ। यो रोग डाँठ र दानाको गुदीमा कालो-खैरो धब्बाको रूपमा पनि देखिन्छ।

- रोग देखिएको २४ घण्टासम्म Mancozeb 75% WP( जस्तै Dithane M-45) २-३ ग्राम प्रति लिटर पानीका दरले ७ दिनको फरकमा ३-४ पटक छर्ने।
- रोग धेरै बढेमा Metalaxyl 64% WP ( जस्तै Rejimel 72%WP वा Krinoxyl Gold 72% WP) १.५ ग्राम प्रति लिटर पानीमा राखी छर्न्।

- रोग कम लाग्ने वा रोग अवरोधक जातहरू लगाउने जस्तै खुमल सेता-१ , खुमल रातो-२, IPY-8, खुमल लक्ष्मी आदि ।



*अगौटे डडुवाको सुरुवाति अवस्थामा पातमा पारेको क्षति र रोग नियन्त्रण नगरेमा पुरै वोट सुक्दछ*



*अगौटे डडुवाले आलुका दानामा पारेको क्षति*



*पछौटे डडुवाले पातमा पारेको क्षति र रोग नियन्त्रण नगरेमा अगौटे डडुवा जस्तै पुरै वोटै सुक्दछ*



*पछौटे डडुवाले दानामा पारेको क्षति*

## २. ऐजेरु

सुरुमा आलुका आँखाहरूमा साना सेता खटिरा देखा पर्दछन जुन पछि वृद्धि भई काउलीको फूल जस्तै देखिन्छ । त्यस्तो आलु पछि कालो हुदै जान्छ र कुहिन्छ ।

- रोग लागेका खेतमा आलु नरोप्ने र त्यसता खेतमा उत्पादित बीउ पनि नरोप्ने ।
- आलु लगाउने ठाउँमा आगो लगाई खनजोत गरी माटोको उपचार गरेर आलु रोप्ने ।
- रोग कम लाग्ने वा रोग अवरोधक जातहरू लगाउने जस्तैः कुफ्री ज्योति, खुमल सेतो-१, जनकदेव, डेजिरे आदि ।



*ऐजेरुका कारण दानाको सतहमा देखा परेको खटिरा*

## ३. खैरो पिप चक्के रोग

यो रोग सबैभन्दा पहिले कुनै एक डाँठबाट ओलाउन सुरु हुन्छ र बिस्तारै पुरै बोटै सुख्दछ । रोगी आलु काटेर हेर्दा खैरो चक्र जस्तो देखिन्छ र थिच्दा पिप निस्किन्छ ।


*दाना काटेर हेर्दा चक्र आकारमा कुहिन्छ र थिचेर हेर्दा पिप निस्किन्छ*

- बीउ आलु नकाटी रोप्ने र उकेरा दिन आलुका दानामा चोटपटक लाग्न नदिने ।
- रोग ग्रास्त्र क्षेत्रमा Solanaceae परिवारका बाली जस्तै गोलभेडा, खुर्सानी, भान्टा आदि बाहेकका बाली सँग बाली चक्र अपनाउने ।
- १०%Formalin ले माटोको उपचार गर्ने र प्लास्टिकले १ हप्ता सम्म छोप्ने ।

## ४. दादे रोग

आलुका सतहमा केही उठेका वा खाडल परेका दादहरू देखा पर्दछन ।

- आलु बढ्ने बेलामा माटोमा चिस्यान कायम राख्ने ।
- विभिन्न खेतीपातीको तरिकाले रोगको नियन्त्रण गर्ने जस्तैः बाली चक्र अपनाउने, स्वस्थ बीउको प्रयोग गर्ने, रोगी आलु नष्ट गर्ने आदि ।

## ५. भाइरस

आलुबालीमा थुप्रै किसिमका भाइरसले संक्रमण गर्ने भएपनि मुख्यतः पात बटार्ने (Potato Leaf Roll Virus) र भाइरस वाई (PVY) उत्पादनका दृष्टिकोणले महत्वपुर्ण मानिन्छन् ।

- **पात बटार्ने भाइरस (Potato Leaf Roll Virus)**: यसको संक्रमण भएमा कलिला पातहरू हल्का पहेँलिदैं जान्छ र बटारिन्छन् भने छिप्पिएका पातहरू बाक्ला र चाम्रा हुन्छन् पातहरू किनारबाट सुक्दै जान्छन् ।
- **भाइरस वाई (PVY)**: पातहरू छिरबिरे भइ सुकेका दागहरू देखिन्छन् । आलुको बोट होचो र झुप्प हुन्छ । संक्रमण बढेमा दानामा खैरा गोला दागहरू समेत देखा पर्छन् ।


*पात बटार्ने भाइरस*


*भाइरस वाई*

**व्यस्थापन:** भाइरस मुख्य गरि लाही किराले सार्दछ तर कृषि औजार, जनावर, मान्छे र हावाका मध्यम बाट पनि सर्न सक्दछ ।

- भाइरस निदनका लागि कुनै किसिमको विशेष विषादि तोकिएकोले स्वस्थ बीउ आलु प्रयोग गर्ने ।
- भाइरस संक्रमण भएको बोटहरु पहिचान गरि हटाउने ।
- रोग अवोरोधक जातहरु लगाउने जस्तै र कुफ्री ज्योति, कुफ्री सिन्दुरी, खुमल सेतो-१, खुमल रातो-२ आदि ।
- लाही किराको प्रकोप बढी भएमा किटनाशक [Dimethoate 30 EC / Metasystox 25 EC] प्रयोग गर्ने ।

## ख) आलुबालीका कीरा

### १.रातो कमिला

आलुमा माटो सहितका मसिना वा ठूला छिद्रहरू हुन्छन् र यसले जरा तथा डाँठमा पनि नोक्सान पुर्याउँछ । क्षति भएका आलु कुहिन्छन् । यदि जरामा नोक्सान पारेमा जरा ओईलाएर मर्छ ।

- राम्रोसँग कुहिएको मल मात्र प्रयोग गर्ने ।
- कमिला देखिएमा सिँचाई गर्ने ।
- आलु रोप्नु अगाडि केतुके (हात्तीबार), तीतेपाति, असुरो वा वनमाराको टुक्रा बनाई

खेतमा राख्ने ।

- रोप्नु अगाडि क्लोरपाईरीफस १०% G वा २०% भ्कोलले माटो उपचार  गर्ने ।



*रातो कमिला*



*रातो कमिलाले आलुमा दुलो बनाइ पारेको क्षति*

## २. खुम्रे कीरा

यस कीराको लार्भाले जमिन मुनिको आलुका दाना र जरा मा क्षति पुर्याउँछ । क्षति पुगेका बोटहरू ओइलाउँछन् ।

Metarhizium anisopliae नामक जैविक बिषादी १ के.जी. प्रति रोपनीका दरले आलु रोप्ने समयमा लाईनमा छर्ने ।

राम्रोसँग कुहिएको मल मात्र प्रयोग गर्ने ।

सकेसम्म रासायनिक विषादी प्रयोग नगर्ने र गर्नु परेमा रोप्नु अगाडि क्लोरपाईरीफस १०% G वा २०% भ्कोलले माटो उपचार गर्ने ।



*खुम्रे किराको लार्भे अवस्था*



*खुम्रे किराले आलुका दानामा पारेको क्षति*

## ३. आलुको पुतली

पुतलीले भण्डारणमा वा बारीमा माटोले नपुरिएका दानाका आँखामा वा चोट लागेको ठाउँमा फूल पर्छ । यसको लार्भाले सुरुङ बनाई आलु खान्छ, र प्वालको बाहिर खैरा विस्टाको कणहरू देखिन्छन् पातमा पहँलो सेतो धब्बा देखिन्छन् ।

- आलु गहिरो गरि रोप्ने र उकेरा राम्रोसँग दिने ।
- PTM ल्युरको प्रयोगले ५०% सम्म क्षति घटाउँछ ।
- बीउ आलु छहारीमा सुकाईएका तितेपाति, पुदिना, बोझो टुक्रा पारि संञ्चित आलुमाथि राख्ने वा Malathion 50 EC १ मि.लि.प्रति लिटर पानीको झोलमा बीउ आलुलाई ५-१० मिनेट डुवाई त्यसपछि छहारीमा सुकाउने र भण्डारण गर्ने ।



*आलुको पुतलीको वयस्क*



*आलुको पुतलीको लार्भे र यसले दानामा पारेको क्षति*

## ४. लाही कीरा

लाहीको वयस्क र बच्चा दुवैले कलिला पातको तल्लो सतहमा बसेर रस चुसेर बोटको वृद्धिमा क्षति पुर्याउँछ, साथै बोट पहँलो र गुजमुज्ज परेको हुन्छ । लाहीको प्रकोप बढेमा भाइरस रोगको समस्या देखा पर्न सक्दछ । कीरा व्यवस्थापनको लागि निम्न उपाय अपनाउन सकिन्छ ।

- Yellow Trap को प्रयोग गर्ने ।
- प्राकृतिक शत्रु स्त्री स्वभावको खपटे किरा(Lady-Bird Beetle)को संरक्षण गर्ने ।
- रोपेको एक महिनामा कीरा देखा परे Dimethoate 30 EC १ मि.लि./लिटर पानीमा हाली छर्ने ।



लाही किरा आलुको पातको तल्लो सतहमा पाइन्छन

## ५. फेद काट्ने लार्भा

काटिएको बोटको फेद र आलुमा प्वाँल हुन्छ ।

- बिरुवाका जरा नजिक माटोमा कोट्याएर लार्भाहरू खोजी नस्ट गर्ने ।
- क्लोरपाईरीफस वा मलाथियन धुलो १ के.जी. प्रति रोपनिका दरले माटोको उपचार गर्ने ।



*फेद काट्ने लार्भेको आलुको दानाको क्षति*



*फेद काट्ने लार्भेको वयस्क*

## सन्दर्भ सामाग्रीहरु:

१. कृषि डायरी २०७६
२. कृषि उपजहरूको व्यवसाय योजना सँगालो-२०७६
३. तरकारी खेती प्रविधि-२०६८
४. डा. भीम बहादुर खत्री, उन्नत आलुखेती प्रविधि
५. नेपालमा आलुका हानिकारक किराहरुको जीवनी र व्यवस्थापन